जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष २९ अंक १५५ २०७६ साल माघ ३ गते शुक्रबार (17 Jan. 2020 Friday) मूल्य रु. ५/-

Log on : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : पौने दुई लाख केजी रक्तचन्दन ... ३ पृष्ठमा : सप्तरी कै पहिलो पुर्ण ... ३ पृष्ठमा : ट्रम्परुद्धि महाअभियोग ...

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- हुलदङ्गा गर्नेलाई दुई वर्षसम्म कैद र बीस हजार रुपैयासम्म जरिवाना हुने,
- सार्वजनिक स्थानमा आवागमनमा बाधा गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- सार्वजनिक सेवा अवरुद्ध गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- सार्वजनिक शान्ति भङ्ग गर्ने, हुलदंगा गर्ने वा सार्वजनिक सम्बन्धलाई खलल पार्ने नियतले झुठ्ठा अफवाह फैलाउनेलाई एक वर्षसम्म कैद र दश हजार रुपैयाँसम्म जरिवाना हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# फरार अभियुक्तहरु पक्राउ पर्न थालिएपछि कारागारमा तेब्बर कैदीबन्दी





**दैनिक समाचारदाता**
**राजविराज, २ माघ ।**

सप्तरी प्रहरीले विगत ६ महिनामा विभिन्न अपराधमा संलग्न तथा अदालतबाट कैद सजाय पाएर फरार रहेका अभियुक्तहरुलाई पक्राउ गर्न अभियान थालेपछि ६१ त्यस्ता अभियुक्तहरु पक्राउ परेका छन् ।

प्रहरीले थालेको अभियानका कारण फरार अभियुक्तहरु पक्राउ पर्न थालेपछि अहिले राजविराज कारागारमा कैदी/बन्दीहरु कोचाकोच भरिन पुगेको छ ।

अदातलको फैसला कार्यान्वयन तथा शान्ति सुरक्षा सुदृढ बनाउने कामलाई तिब्रता दिएसँगै फरार अभियुक्त धमाधम पकाउ पर्न थालेपछि ती अपराधीलाई करागार चलान गर्दा करागारमा क्षमता भन्दा तेब्बर कैदीबन्दीले भरिएका छन् ।

क्षमता भन्दा तेब्बर कैदीबन्दी राख्दा करागारमा व्यवस्थापनको समस्या समेत देखिन थालिएको जेलर सत्य नारायण यादव बताउँछन् । मुलुककै पुराना कारागार मध्ये एक राजविराज कारागार एकातिर जिर्ण बन्दै गएको अवस्थामा १ सय २५ जनाको क्षमता भएपनि हाल ३ सय ४८ जना कैदी बन्दी राखिएको जेलर यादवले बताए ।

यता बिहीबार जिल्ला प्रहरी कार्यालय सप्तरीले पत्रकार सम्मेलनको आयोजना गरि ६ महिना यता विभिन्न अपराधमा संलग्न भई अदालतबाट सजाय तोकि फरार रहेका ३७ र अनुसन्धानका क्रममा फरार रहेका २४ गरी ६१ जना अभियुक्तलाई कारागार चलान गरि सकिएको जानकारी दिएको छ ।

सो पत्रकार सम्मेलनमा प्रहरी उपरिक्षक कृष्ण प्रसाइले यस अवधिमा ८ हजार १ सय २५ लिटर अवैध धरेलु मदिरा नष्ट गरिनुका साथै विभिन्न स्थानमा अवैध रुपमा लगाईएको ३१ हजार १८ गाँजाको बोट फडानी गरिएको जानकारी दिए ।

यस्तै सोही अवधिमा सवारी साधन नियम उलंघनमा १३ हजार ३ सय ४२ जना माथि कार्यवाही गरी ७९ लाख ८१ हजार ५ सय रुपैया राजश्व संकलन गरिएको उनले जानकारी दिए । यस अवधिमा विभिन्न अपराधका ४ सय ११ मुदा दर्ता भएकोमा २ सय ५९ मुदा फर्छयोट गर्न सफलता मिलेको र बाँकी १ सय ५२ मुद्दा किनारा लगाउन प्रहरी दिनरात काम गरिरहेको पत्रकार सम्मेलनमा सार्वजनिक गरिएको अपराध नियन्त्रण प्रतिवेदनमा उल्लेख छ ।

राम्रा काम गर्ने १५ जना प्रहरीलाई उत्कृष्ट प्रहरीबाट सम्मान तथा प्रहरी अनुशासन विपरित काम गर्ने ९ जनालाई विभागीय कार्यवाहीका लागी सिफारिस गरिएको एसपी प्रसाईले जानकारी दिए ।

यस्तै विहिबार पनि प्रहरीले ज्यान मार्ने उद्योगकका फरार प्रतिवादी राजविराज नगरपालिका १ निवासी हरिलाल यादवलाई पकाउ गरी करागार चलान गरेको छ ।

पत्रकार सम्मेलनमा संचारकर्मीहरुले अपराध नियन्त्रण कार्य अझ प्रभावकारी बनाउन विभिन्न सुझाव समेत दिएका छन् ।

## नयाँ सदस्यता एवम् नविकरणको म्याद थप गरिएकोबारे सूचना

उपरोक्त सम्बन्धमा नेपाल पत्रकार महासंघको सदस्यता लिन इच्छुक सञ्चारकर्मीहरुलाई नयाँ सदस्यता एवं शाखा सदस्य महानुभावहरुलाई नविकरणका लागि मिति २०७६ पुस मसान्तभित्र आवेदनका लागि तोकिएकोमा उक्त समयाधी भित्र आवेदन दिन वा नविकरण गराउन छुट भएकाहरुका लागि माघ ७ गतेसम्मका लागि म्याद थप गरिएको जानकारी गराउन चाहन्छौं ।

नयाँ सदस्यताकालागि यसअघि आवेदन दर्ता गराउनु भएका हकमा नयाँ कार्यविधि बमोजिम अपुग कागजात पेश गर्न तथा नविकरणको हकमा समेत सोही कार्यविधि बमोजिमको कागजातहरु सहित आवेदन गर्नुहुन यसै सूचना मार्फत जानकारी गराइन्छ । विस्तृत जानकारीका लागि कार्यालय समयमा शाखा कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**सचिव**
**नेपाल पत्रकार महासंघ सप्तरी**
**०३१-५२११६१**







**देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।**

हाम्रो सेवाहरु →

iPay remit | WESTERN UNION MONEY TRANSFER | Prabhu Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money | Best Remit | City Express | IME Pay | MoneyGram money transfer

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

## सम्पादकीय ....

### अख्तियारको काम कर्तव्यसँगै चुनौती

अहिले मुलुक भरी ब्यापक भ्रष्टाचार बढेपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आफ्नो सक्रियता बढाएको छ। भ्रष्टचार नियन्त्रणका लागि आफ्नो सक्रियता बढाएपछि सेवाग्राहीसँग घुस लिने अधिकृत वा कर्मचारी दिनहुँ जसो पक्राउ परिरहेका छन्। सेवाग्रहीसँग खुलेआम घुस लिने प्रकरण बढेपछि अहिले अख्तिरयारले त्यसलाई नियन्त्रणमा लिने कार्यलाई निरन्तरता दिएको हो।

कुनै पनि निकायमा घुस लिने र दिने व्यक्ति दुबै दोषि नै हुन्छन्। तर, मुलुकको बिडम्बना के छ भने घुस नदिएसम्म कुनै काम नै बन्दैन्। यो एउटा परम्परा कै रुपमा स्थापित भइसेकेको छ। यस्ता स्थापित भएको परम्परालाई तोड्ने केही समय लाग्छ नै। यस्ता कुरालाई प्रोत्साहन नगरि निरुत्साहित गर्न सम्पूर्ण सेवाग्रहीले सबै भन्दा पहिले आफ्नो स्वार्थलाई त्याग्नु आवश्यक छ। अनि मात्र मेरो भन्दा हाम्रो काम कसरी कानुन सम्वत तथा नियम अनुरुप हुन्छ भन्ने सोच ल्याउनु आवश्यक छ।

तसर्थ अख्तियारले गरिरहेको काम सेवाग्रहीकै पक्षमा भइरहेको कुरालाई हामी कसैले नकार्न सक्दैन्। तद्वापी अख्तियारलाई जनता सेवा गर्दा कुनै निर्दोष व्यक्तिले सजाय नपाउन भनी सोच्नु पनि उत्तिकै चुनौति समेत रहेको छ।

# पौने दुई लाख केजी रक्तचन्दन भारत फिर्ता लैजान स्वीकृति

काठमाडौँ, २ माघ (रासस)।
सरकारले लामो समयदेखि सड्ने अवस्थामा पुगेको करिब पौने दुई लाख किलोग्राम रक्तचन्दन काठ उत्पत्ति मुलुक भारत फिर्ता लैजान स्वीकृति दिएको छ। सरकारले परराष्ट्र मन्त्रालयमार्फत भारतको सम्बन्धित अधिकारीलाई 'दुर्लभ वन्यजन्तु तथा वनस्पतिको अन्तरराष्ट्रिय व्यापार महासन्धि' (साइटिस) र सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तरराष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ बमोजिम सो स्वीकृति दिएको हो।

सो निर्णय गत पुस २८ गते बसेको मन्त्रिपरिषद् बैठकले गरेको हो। सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले बिहीबार सार्वजनिक गरेको निर्णयअनुसार जम्मा एक लाख ७३ हजार ७१ केजी रक्तचन्दन काठ जेजस्तो अवस्था र स्थानमा छ, सोही अवस्था र स्थानबाट आफ्नै खर्चमा ९० दिनभित्र उत्पत्ति मुलुक भारत फिर्ता लैजान स्वीकृति दिइएको हो।

सो रक्तचन्दन विभिन्न समयमा अवैधरुपमा चीन लैजान खोज्दा बरामद भएको हो। बरामद रक्तचन्दन १२ वर्षदेखि बबरमहलस्थित वन विभाग, काठमाडौँ, ललितपुर, भक्तपुर, चितवन, सप्तरी, सर्लाही, झापा, नवलपरासी, कपिलवस्तु, रुपन्देहीलगायत २० जिल्लामा कडा सुरक्षाका साथ राखिएको छ। सबैभन्दा बढी परिमाण वन विभाग परिसरमा रहेको छ।

वन तथा भू-संरक्षण विभागका अनुसार उक्त काठ भारतका आन्ध्र प्रदेश, कर्नाटक र तामिलनाडु राज्यबाट नेपालका विभिन्न सीमा नाका हुँदै चीनतर्फ तस्करी हुने क्रममा बरामद गरिएको हो। नेपाल सन् १९७५ जुन १८ मा साइटिसको पक्ष राष्ट्र बनेको हो। महासन्धिको व्यवस्थाविपरीत नेपाल प्रवेश गरेका रक्तचन्दन बरामद गरिएको थियो। 'सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तरराष्ट्रिय व्यापारलाई नियमन तथा नियन्त्रण गर्न बनेको ऐन, २०७३' ले बरामद रक्तचन्दनको सहज व्यवस्थापन गर्ने कानूनी बाटो खोलेको हो।

ऐनबमोजिमको कार्यविधि पूरा नभई पैठारी भएको कारणले जफत भएको सङ्कटापन्न वनस्पति जुन मुलुकबाट पैठारी भएको हो सोही मुलुकमा फिर्ता पठाउन सकिने व्यवस्था छ। फिर्ता गर्दा लाग्ने खर्च त्यसरी फिर्ता लैजाने मुलुकले व्यहोर्नुपर्छ। नेपालबाट निर्णय भएको मितिले ९० दिनभित्र सम्बन्धित मुलुकले त्यस्तो वनस्पति वा सोको नमूना फिर्ता लैजानुपर्ने कानूनी व्यवस्था छ।

कुनैबेला चीनतिर अवैधरुपमा लैजाँदै गरेको अवस्थामा दिनहुँ जस्तै रक्तचन्दन बरामद हुने गर्थ्यो। यसमा कडाइ गरिएपछि हाल भने रक्तचन्दनको तस्करी बन्द भएको छ। विसं २०६२ देखि २०७१ को अवधिमा मुलुकका विभिन्न स्थानबाट दुई लाख केजीभन्दा बढी रक्तचन्दन काठ बरामद गरिएको थियो। विभागका अनुसार नेपालमा पहिलोपटक २०६२ फागुन २ गते सिन्धुपाल्चोकमा रक्तचन्दन काठ बरामद गरिएको थियो। यसैगरी पछिल्लोपटक २०७१ साल भदौ २१ गते रसुवामा ६४ किलोग्राम रक्तचन्दन बरामद भएको विभागको अभिलेखमा उल्लेख छ।

## अवैध रुपमा भित्रिएको रक्तचन्दन फिर्ता गरिने

काठमाडौँ, २ माघ (रासस)।
अवैध रुपमा नेपाल भित्रिएको रक्तचन्दन आगामी ९० दिनभित्र भारत फिर्ता गरिने भएको छ। नेपाल सरकारले परराष्ट्र मन्त्रालयमार्फत भारतको सम्बिन्धत अधिकारीलाई 'साइटिस' अभिसन्धि अनुसार कूल एक लाख ७३ हजार ७२ केजी रक्तचन्दन फिर्ता गर्न लागिएको हो।

'संकटापन्न वन्यजन्तु तथा वनस्पतीको अन्तरराष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३' को दफा ३० अनुसार ती रक्तचन्दनका काठ जेजस्तो अवस्थामा रहेको भएपनि फिर्ता गर्ने निर्णय भएको हो। सञ्चार तथा सूचना प्रविधि मन्त्रालयमा बिहीबार आयोजित पत्रकार सम्मेलनमा मन्त्री गोकुलप्रसाद बाँस्कोटाले जेजस्तो अवस्था र स्थानमा छ, सोही अवस्था र स्थानबाट आफ्नै खर्चमा ९० दिनभित्र रक्तचन्दन उत्पत्ति भएको मुलुक भारत फिर्ता लैजान स्वीकृति दिइएको जानकारी दिनुभयो। अवैध तरिकाले भित्र्याइएका रक्तचन्दन पक्राउका लागि सरकारले प्रहरी जनशक्ति परिचालन गर्नुपरेको थियो।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

# अन्तरराष्ट्रिय चलचित्र महोत्सव फागुन १ देखि

काठमाडौँ, २ माघ (रासस)।
तेस्रो नेपाल अन्तरराष्ट्रिय चलचित्र महोत्सव आगामी फागुन १ देखि ५ गतेसम्म काठमाडौँमा सञ्चालन हुनेभएको छ।

नेपाल चलचित्र तथा सांस्कृतिक प्रतिष्ठानको आयोजनामा हुने महोत्सवमा ७९ चलचित्र प्रदर्शन हुनेछन्। महोत्सवबारे जानकारी दिने उद्देश्यले प्रतिष्ठानद्वारा बिहीबार यहाँ आयोजित कार्यक्रममा सहरी विकास राज्यमन्त्री तथा चलचित्रकर्मी रामवीर मानन्धरले चलचित्र क्षेत्रले राष्ट्रको पहिचानलाई बढवा दिने बताउनुभयो।

मुलुकको विकास र समृद्धिमा कलाकारिता क्षेत्रले महत्वपूर्ण भूमिका खेल्न सक्ने हुँदा राष्ट्रिय महत्वका विषयहरुलाई प्रचारप्रसारमा ल्याउन आग्रह गर्दै उहाँले राष्ट्रलाई चिनाउने ढङ्गले चलचित्रमा विषयवस्तु समावेश गर्न र राष्ट्र एंव राष्ट्रियतालाई सर्वोपरी मानेर चलचित्र बनाउन सुझाव दिनुभयो।

राज्यमन्त्री मानन्धरले भन्नुभयो, "भारत अमेरिकालगायत देशहरुले राष्ट्रिय पहिचानलाई चलचित्रमा महत्व दिएका हुन्छन् तर तर नेपाली चलचित्रमा त्यस्तो पाउन सकिएको छैन्।" अभिनेता निर शाहले राष्ट्रिय चलचित्र उद्योगको विकास र प्रवर्द्धनका लागि विभिन्न संस्थाहरु सक्रिय रहनु सकारात्मक सङ्केत भएको उल्लेख गर्दै नेपाली चलचित्रलाई अन्तरराष्ट्रियकरण गर्नका लागि सबैको सहयोग अपरिहार्य छ भन्नुभयो।

प्रतिष्ठानका अध्यक्ष केपी पाठकले १० अन्तरराष्ट्रिय, ३५ लघु, पाँच नेपाली र १५ नेपाली लघु चलचित्र तथा आठ वृतचित्र र ६ एनिमेटेड गरी ७९ चलचित्र प्रदर्शन गरिने जानकारी दिनुभयो। उहाँले ५५ देशबाट प्राप्त ६०० चलचित्रबाट उत्कृष्ट छनिएका मात्र प्रदर्शन गरिने जानकारी दिनुभयो। "विगतमा कथानक चलचित्र मात्र प्रदर्शन गरिन्थ्यो", उहाँले भन्नुभयो, "यो वर्ष एनिमेसन र वृत्तचित्र विधा पनि थप गरिएको हो।" महोत्सवमा सबै विधाका उत्कृष्ट चलचित्रलाई पुरस्कृत गरिने पनि उहाँले जानकारी दिनुभयो।

अन्तरराष्ट्रिय प्रतिस्पर्धाअन्तर्गत कथानक फिल्मलाई एक हजार ५०० अमेरिकी डलरसहित गौतमवुद्ध अवार्ड, सर्वोत्कृष्ट वृतचित्रलाई एक हजार डलरसहित माउन्ट एभरेष्ट अवार्ड, सर्वोत्कृष्ट एनिमेटेड चलचित्रलाई ७५० डलरसहित मञ्जुश्री अवार्ड र सर्वोत्कृष्ट लघु चलचित्रलाई ५०० डलरसहित वाग्मती अवार्ड प्रदान गरिने छ।

फेस्टिभलमा प्रदर्शन हुनेमध्ये कथानक चलचित्रलाई बलिउड फिल्म निर्देशक प्रकाश झा नेतृत्वको निर्णायक मण्डलले मूल्याङ्कन गर्नुहुनेछ। यसमा गौरी मल्ल, मञ्जुकुमार श्रेष्ठ, पोर्जुगिज फिल्ममेकर जाओपाओलो, र सिङ्गापुरका फिल्ममेकर युनि हाडी सदस्य रहनुहुनेछ।

वृत्तचित्र, लघु चलचित्र तथा ऐनिमेटेड चलचित्रमार्फतको जुरीको नेतृत्व श्रीलङ्कन फिल्ममेकर अनोमा राजाकरुणाले गर्नुहुने छ भने उहाँलाई थिबाउट फ्रेक र करुण थापाले सघाउनु हुनेछ।

नेपाली प्रतिस्पर्धाअन्तर्गत कथानक चलचित्रलाई रु एक लाखको पुरस्कार र उत्कृष्ट लघु चलचित्रलाई रु ४० हजारको पुरस्कार प्रदान गरिने छ। कथानक चलचित्रमार्फतका उत्कृष्ट निर्देशक, लेखक, छयाकार अभिनेता, र अभिनेत्रीलाई ट्रफी प्रदान गरिनेछ। महोत्सवमा फिल्म प्रर्दशनसँगै विभिन्न विषयमा छलफल पनि सञ्चालन हुनेछन्। छलफलमा नायक राजेश हमालले आफ्नो अभिनय यात्राका बारेमा अनुभव सुनाउनुहुनेछ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
कन्सलटेन्ट एनास्थेसियोलोजिष्ट
आइसियु स्पेस्लिष्ट र पेन फिजिसिएन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# सप्तरी कै पहिलो पुर्ण सरसफाई नमुना बस्ती घोषणा



**दैनिक समाचारदाता**
**राजविराज, २ माघ ।**

सप्तरी जिल्लाको बिष्णुपुर गाउँपालिका ६ गोरगमाको सरदार, अमात्य टोल (नमुना बस्ती) घोषणा गरिएको छ ।

बिष्णुपुर गाउपालीकाको वडा ६ स्थित सरदार र अमात्य टोलका १ सय ३८ घरधुरीलाई पुर्ण सरसफाई उन्मुख बस्ती घोषणा गरिएको हो । पुर्ण सरसफाईका सबै ७ वटा सुचकहरू पूरा भएको सुनिश्चित भएपछि सो बस्तीलाई पुर्ण घोषणा गरिएको छ ।

बिहिवार एक समाहरोह बिच बिष्णुपुर गाउपालिका अध्यक्ष लिलाम्वर यादबले बस्तीलाई सरसफाई उन्मुख नमुना बस्ती घोषणा गरे ।

वडा नं. ६ को सरदार र अमात्य बस्तीमा ७ वटा पुर्णसरसफाईका सुचक अनुसार चर्पीको समुचित प्रयोग, व्यक्तिगत सरसफाइ, सुरक्षित पानीमा पहुँच, सुरक्षित खानाको प्रयोग, घरायसी तथा संस्थागत सरसफाइ, वातावरणिय सरसफाइमा सक्रिय देखाएकोले बस्तीलाई घोषणा गरिएको अध्यक्ष यादवले बताए ।

२०७६ बैशाखबाट दुई वटै गाँउपालीकाका ४ वटा वडामा यो कार्यक्रम अन्तर्गत एक वटा बस्ती पुर्ण सरसफाइ तर्फ अग्रसर हुँदै पुर्ण सरसफाई उन्मुख बस्ती घोषणा गरिएको सबल नेपालका बरिष्ठ प्रबन्धक अशोक साहले बताए ।

गोरगामा, वरहीबिरपुर, विष्णुपुर र हाटीमा नमुना बस्तीका लागि वस्तीहरु छनोट गरी वडा स्तरीय खानेपानी सरसफाइ तथा स्वच्छता समन्वय समितिद्धारा छनोट भई उक्त वस्तीहरुमा विभिनन समुहहरु गठन गरी कार्यक्रम संचालन गरिएको सबल नेपालका कार्यक्रम संयोजक परमेश्वर झाले बताए ।

एसएनभि नेपालको सहयोगमा "सबल नेपालले सबैको लागि दिगो सरसफाइ कार्यक्रम" अन्तर्गत गाविसहरु बरही विरपुर र ईटहरि विष्णुपुर हालको छिन्नमस्ता गाँउपालीकाको वडा नं १ र ७ विष्णुपुर गाँउपालीकाको वडा नं ६ र ७ सरसफाई कार्यक्रम संचालनमा रहेको कार्यक्रम संयोजक झाले जानकारी दिए ।

रंजितपुरको सरदार टोलको वाटो घाटो सरसफाई भएको, चर्पी प्रयोग भएको, प्रत्येक घरमा भाँडो सुकाउने रयाक निर्माण भई प्रयोगमा रहेको विभिन्न फोहोरहरु लाई कुहिने र नकुहिने छुटयाई व्यवस्थापन गरेको र विभिन्न पलास्टिक जन्य फोहोरलाई एक ठाँउमा जम्मा गरी विभिन्न सामाग्रीहरु बनाई प्रयोग गर्ने गरेको वडा अध्यक्ष बहादुर सदाले बताए ।

चर्पीमै नियमित दिसा पिसाव गर्ने, जोखिमपुर्ण अवस्थामा साबुनपानीले हात धुने, महिनावारी व्यवस्थापन, सुरक्षित खाना इत्यादि बारे जानकारी पाई सोहि अनुसार व्यवस्थापन गर्ने गरेको र घर आँगन वरीपरी नियमित सरसफाइ गर्ने गरेको रंजितपुर सरदार टोलका ज्ञानी देबी सरदारले बताईन ।

सो अवसरमा जिल्ला समन्वय समिति अधिकारी नवराज खडका, बिष्णुपुर गाउपालीका प्रमुख प्रशासकिय अधिकृत रंजितजंग अधिकारी, नेपाल पत्रकार महासंघ प्रदेश सचिव रामनारायण बिश्वास, शाखा सप्तरी सहसचिव चन्दनकुमार यादब, एसएनभिका कृष्ण जिसी, बिष्णुपुर गाउपालीका ६ का, वडा सदस्य रामकुमार राय, पत्रकार शुभनारायण यादब, कार्यक्रम अधिकृत देवेश चौधरीलगायतले पुर्ण सरफाई बस्तीलाई निरन्तरता दिन आग्रह गरे ।

# प्रदेश नं १ मा सस्तोमा खाना खुवाउनेको लहर, इनरुवामा निःशुल्क खाना खुवाउने अभियान शुरु

इनरुवा, २ माघ (रासस) ।

प्रदेश १ मा सस्तोमा खाना खुवाउनेको लहर चलेको बेला सुनसरी सदरमुकाम इनरुवामा पनि निःशुल्क खाना खुवाउने अभियान शुरु भएको छ । इनरुवा नगरवासीको संयुक्त आयोजनामा इनरुवा ४ मा रहेको बसचोकमा निःशुल्क खाना खुवाउने अभियान शुरु भएको हो । पूर्वका विभिन्न शहर र बजारमा गरीब, दलित र विपन्न समुदायलाई लक्षित गरी एकपछि अर्को स्थानमा सस्तो दरमा खाना खुवाउने होडबाजी झैँ चल्दा सुनसरीको इनरुवामा भने स्थानीयवासीले बुधबारबाट निःशुल्क खाना खुवाउने अभियान चलाएका हुन् ।

अभियानका लागि सत्य यादवको संयोजकत्वमा स्थानीय समाजसेवी सम्मिलित १० सदस्यीय समिति गठन गरिएको छ । इनरुवा बसचोकमा शुरु गरिएको निःशुल्क भरपेट खाना कार्यक्रम तत्काल रु एक लाखबाट थालिएको आयोजक समितिका संयोजक यादवले बताउनुभयो ।

गरीब, असहाय, विपन्न र बेघर भई सडकमा भौँतारिएर दिन बिताइरहेका समुदायलाई लक्षित गरी निःशुल्क खानपिनको अभियान शुरु गरिएको हो । प्रारम्भिक तवरमा तीन दिनका लागि भनि अघि सारिएको अभियानमा सहयोगी दाताको सङ्ख्या थपिन थालेकाले आफूहरुलाई हौसला प्रदान भएको अभियानका संयोजक यादवको भनाइ छ ।

निःशुल्क खाना कार्यक्रममा पुग्ने जोकोहीले दाल, भात, अचार, पापड खान पाउनुका साथै निःशुल्क पानीसमेत पिउन पाउने आयोजकले जनाएको छ । इनरुवामा अभियानको उद्घाटन उद्योग वाणिज्य सङ्घ इनरुवाका अध्यक्ष वीरेन्द्रकुमार साहले गर्नुभयो । केही दिन अगाडि मोरङको विराटनगरमा रु १० मा पेटभरी खाना खुवाउन थालिएको थियो । विराटनगर बजारमा रहेको कालीमन्दिर अगाडिबाट शुरु तिरुपति क्याटरिङ सेवामार्फत रु १० मा खाना खुवाउन थालिएको छ ।

विराटनगरबाट शुरु भएको यो अभियान अहिले १ नम्बर प्रदेशमा लहरको रूपमा चलेको छ । विराटनगरमा बास्मती चामलको भात र झोल भएको तरकारी खानामा राख्ने गरिएको छ । एक मानिसले खाना खाँदा रु १० तिर्नुपर्ने र घरका लागि खाना लैजाँदा रु २० तिर्नुपर्ने व्यवस्था गरिएको छ । त्यसैगरी भिखारी वा गरीब मानिसलाई खाना खुवाउन चाहेमा जनही रु ३० तिर्नुपर्ने नियम बनाइएको छ ।

दमकको मुख्य चोकमा रहेको गोरखा डिपार्टमेन्ट स्टोर अगाडिसमेत मासुभात १० रुपैयाँमा र सादा खाना ५ रुपैयाँमा खुवाउन शुरु भएको छ । भद्रपुर र विर्तामोडमाससमेत सस्तो खाना खुवाउने अभियान शुरु भएको छ । कतै १० रुपैयाँमा त कतै ५ रुपैयाँमा खाना खुवाउने अभियान शुरु भएको बेला सुनसरी सदरमुकाम इनरुवामा भने निःशुल्क खाना खुवाउने अभियान शुरु भएको हो ।

# नेविसंघको रिले अनशन एक महिनादेखि जारी

काठमाडौँ, २ माघ (रासस) ।

नेपाल विद्यार्थी सङ्घको रिले अनसन एक महिनादेखि जारी रहेको छ । विधानअनुसार नेविसङ्घको १२औँ महाधिवेशन सुनिश्चित गर्न माग गर्दै गत पुस २ गतेदेखि नेपाली काँग्रेसको पार्टी केन्द्रीय कार्यालय सानेपामा बसेको रिले अनशन बिहीबार एक महिना पुगेको छ ।

नेविसङ्घको नयाँ विधानमा ३२ वर्ष मुनिकालाई अध्यक्ष बनाउनुपर्ने व्यवस्था गरेको छ । त्रिभुवन विश्वविद्यालयले स्वतन्त्र विद्यार्थी युनियनको निर्वाचन तोकिसके पनि प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसको भ्रातृ संस्था नेविसङ्घ भने नेतृत्वको खोजीमै अल्मलिएको छ ।

विसं २०७५ माघमा नेविसङ्घका तत्कालीन अध्यक्ष नैनसिंह महरले राजीनामा दिएसँगै एक वर्षदेखि नेविसङ्घ नेतृत्वविहीन बन्न पुगेको छ । नेविसङ्घका नेता नवराज त्रिपाठीले विधानअनुसार २० जिल्लाको महाधिवेशन सम्पन्न भइसकेकाले अव बन्ने तदर्थ समिति विधानअनुसार ल्याउनुपर्ने बताउनुभयो । "विधानअनुसार तदर्थ समिति निर्माण गरेर स्ववियु निर्वाचन र नेविसङ्घको १२औँ महाधिवेशन सम्पन्न गर्नुपर्छ भन्ने अनशनकारीको माग हो", उहाँले भन्नुभयो । नेविसङ्घ नेता त्रिपाठीले भने विधान मिचेर नेतृत्व आए आमरण अनशन बस्ने बताउनुभयो ।

नेविसङ्घका अर्को नेता सुशील भट्ट स्ववियु निर्वाचनमा अरु विद्यार्थी सङ्गठनसँग प्रतिस्पर्धा गर्नपनि तत्काल तदर्थ समिति निर्माण गर्नुपर्ने बताउनुभयो । "विद्यार्थीको नेतृत्व विद्यार्थीबाटै स्थापित गर्नुपर्छ भन्ने हाम्रो माग हो", उहाँले भन्नुभयो । नेपाली काँग्रेस भने पार्टीभित्रको १४औँ महाधिवेशनको समय तालिका र भ्रातृ संस्थाभित्र नेतृत्व कसलाई दिने भन्ने विवादमा अल्झिएको छ । पार्टीभित्रको विवादका कारण अनशन पनि ओझेलमा पर्दै गएको छ ।

## विश्व समाचार

# ट्रम्प विरुद्ध महाअभियोग प्रस्ताव सिनेटमा पठाउने प्रस्ताव पारित

वासिङटन, २ माघ (रासस/सिन्ह्वा/एएफपी) ।

अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पविरुद्ध महाअभियोग लगाउने प्रस्ताव अमेरिकी संसद्को तल्लो सदन, हाउस अफ रिप्रेजेन्टेटिभ्स्ले सिनेटमा पठाएको छ ।

हाउस अफ रिप्रेजेन्टेटिभ्स्ले महाअभियोगको प्रस्ताव माथिल्लो सदनमा पठाउने प्रस्ताव मङ्गलबार पारित गरेको प्राप्त समाचारमा जनाइएको छ ।

यसअघि हाउस अफ रिप्रेजेन्टेटिभ्स्मा उहाँमाथि महाअभियोग लगाउनेसम्बन्धी प्रस्तावमा मतदान हुँदा २२८ जनाले माथिल्लो सदनमा पठाउने पक्षमा मतदान गरेका थिए भने १९३ जनाले विपक्षमा मतदान गरेका थिए ।

हाउस अफ रिप्रेजेन्टेटिभ्स्का सभामुख नान्सी पेलोसीले राष्ट्रपति ट्रम्पलाई महाअभियोग लगाउने प्रस्ताव अमेरिकी संसदको माथिल्लो सदन अर्थात् सिनेटमा पठाउने प्रस्ताव पारित भएको घोषणा गर्नुभएको थियो ।

हाउस अफ रिप्रेजेन्टेटिभ्स्मा राष्ट्रपति ट्रम्पको पार्टी रिपब्लिकनका सांसद थेरै रहेपनि सिनेटमा भने रिपब्लिकनका सांसद धेरै रहेका छन् ।

सिनेटमा पठाइएको प्रस्तावको बाँकी प्रक्रिया अर्को हप्ताबाट अघि बढ्ने बताइएको छ । प्रस्ताव पारित भएपछि राष्ट्रपति ट्रम्पले सामाजिक सञ्जाल ट्वीटरमा लेख्नुभएको छ, "हामी फेरी अगाडि बढ्ने छौँ, डेमोक्रचाटले केही गर्नसक्दैनन् ।"

अमेरिकाको इतिहासमा यसरी संसद्को तल्लो सदनबाट महाअभियोग लगाइएका राष्ट्रपतिमध्ये ट्रम्प तेस्रो राष्ट्रपति हुनुभएको छ ।

विपक्षीले ट्रम्पलाई शक्तिको दुरुपयोग गरेको, संसद्को काम कारबाहीमा अवरोध पुऱ्याएकोलगायतका आरोपसहित महाअभियोग लगाउन प्रस्ताव गरेका हुन् ।

राष्ट्रपति ट्रम्प र उहाँका समर्थकले भने ती आरोप अस्विकार गरी ती प्रस्तावका विरुद्धमा खण्डन गर्दै आएका छन् । उनीहरुले ट्रम्प विरुद्धको महाअभियोगको प्रस्तावलाई पक्षपातपूर्ण र आक्रोशबाट चालिएको कदमको संज्ञा दिँदै आएका छन् ।

हाउस अफ रिप्रिजेन्टेटिभ्सले गत महिना राष्ट्रपति ट्रम्प विरुद्धको महाभियोग प्रस्ताव पारित गरेको थियो । माथिल्लो सदनले पनि सो प्रस्ताव पारित गरेमा राष्ट्रपति ट्रम्पको बहिर्गमन हुनेछ ।

महाभियोग लागेर पदच्यूत भएपनि निर्वाचनमा उम्मेदवार हुन भने रोक्न नमिल्ने अमेरिकी व्यवस्था छ । माथिल्लो सदन सिनेटले उहाँलाई भविष्यमा निर्वाचित पद लिन नपाउने भनेर अर्को प्रस्ताव पारित गरेमा मात्रै उहाँ राष्ट्रपतिको उम्मेदबार हुनबाट बञ्चित हुनुहुनेछ ।

ट्रम्पलाई समर्थन गर्ने र उहाँको विरोध गर्नेहरू पहिले झैँ विभाजित छन् । विरोधीले महाअभियोगको प्रस्तावले ट्रम्पलाई नकारात्मक असर पारेको ठानेका छन् भने समर्थकले यसबाट कुनै असर नपरेको दाबी गरेका छन् ।

# अफगानिस्तानमा एघार प्रहरी र दश लडाकू मारिए

कुन्दुज, अफगानिस्तान, २ माघ (रासस/सिन्ह्वा) ।

अफगानिस्तानको कुन्दुज प्रान्तमा भएको एक भीडन्तका क्रममा कम्तीमा ११ प्रहरी र १० लडाकू मारिएका छन् ।

देशको उत्तरी क्षेत्रमा पर्ने ठाउँमा बुधबार राति भएको घटनामा परी उनीहरुको मृत्यु भएको अधिकारीले बिहीबार जानकारी दिएका छन् .

"सुरक्षाकर्मीको हत्या गर्नेगरी लडाकूले आक्रमण गरेका थिए, उनीहरुले गोली प्रहार गरेका थिए," जिल्ला प्रमुख हायातुल्लाह अमिरीले भन्नुभयो । उहाँले नै घटनामा परी ११ प्रहरी र १० लडाकुको मृत्यु भएको पुष्टि गर्नुभएको हो ।

त्यसैगरी तालिबान लडाकूका प्रवक्ता जाबिउल्लाह मुजाहिदले पनि सञ्चार माध्यमलाई सम्पर्क गरेर कुन्दुजमा भएको घटना आफूले गराएको बताएका छन् । उनले घटनाको पुष्टी गर्दै आक्रमणको जिम्मेबारी लिएका छन् ।

स्थानीय बासिन्दाले दिएको जानकारीअनुसार लडाकूले प्रहरीको हतियार पनि नियन्त्रणमा लिएका छन् । यस क्षेत्रमा लामो समयदेखि सरकारी सुरक्षाकर्मी र तालिबान लडाकूका बीचमा बारम्बार भिडन्त हुनेगरेको छ ।

# अष्ट्रेलियाको आगलागी भएको क्षेत्रमा वर्षा

नोवरा, २ माघ (रासस/एएफपी) ।

अष्ट्रेलियामा लामो समयदेखि आगलागी भएको क्षेत्रमा वर्षा भएको छ । देशको पूर्वीक्षेत्रमा पर्ने त्यस क्षेत्रमा बिहीबार वर्षा भएको र राहत महसूस गरिएको अधिकारीले बताएका छन् ।

अहिलेसम्म नै नभएको ठूलो आगलागीको घटनामा परी कम्तीमा २८ जनाको मृत्यु भइसकेको छ भने लाखौ जनावर पनि जलेर मरेका छन् ।

न्यु साउथ वेल्समा आगलागी भइरहेको र अहिले परेको वर्षाले आगो नियन्त्रण नै हुने अवस्था भने नरहेको अधिकारीले जनाएका छन् ।

"आगलागी भएको क्षेत्रमा अहिले वर्षा भएपछि केही राहत महसूस त भएको छ, तर आगलागी नियन्त्रण नै हुने भने देखिएको छैन," ग्रामिण अग्नी नियन्त्रण सेवाका अधिकारीले सामाजिक सञ्जालमा लेखेका छन् ।

वर्ष कति धेरै समय पर्छ र कति ठूलो हुन्छ भन्ने कुराले आगलागी नियन्त्रण हुन्छ की हुँदैन भन्ने निर्धारण हुने उनीहरुले बताएका छन् ।

आगलागी हुनुभन्दा अगाडीसम्म दर्जनौँ ठाउँमा आगलागी भइरहेको विवरण अग्नी नियन्त्रण सेवाका अधिकारीले दिएका थिए ।

स्थानीय सञ्चारमाध्यमले पनि जलिरहेको जङ्गलमा वर्षा भएको भिडियो र फोटो प्रकाशन तथा प्रसारण गरेका छन् ।

# अन्तर बिद्यालय क्रिकेटमा म्याक्सेल र दुर्गा फाईनलमा




**दैनिक समाचारदाता राजविराज, २ माघ ।**

राजविराजमा संचालित अन्तर विद्यालय क्रिकेट प्रतियोगिताको फाइनल खेलमा म्याक्सेल र दुर्गा बोर्डिङ्गले प्रतिस्पर्धा गर्ने भएका छन् ।

सप्तरी क्रिकेट संघको सहकार्यमा ग्रिन नेपाल राजबिराजको आयोजनामा संचालित प्रतियोगिता अन्तर्गत बिहिवार सम्पन्न सेमिफाईनलमा म्याक्सेल सेकेण्ड्रीले लिटल एन्जलस सेकेण्ड्रीलाई १ बिकेटले तथा दुर्गा सेकेण्ड्रीले शिब्स ईन्टरनेश्नललाई ९ रनले पराजित गर्दै शुक्रवार हुने फाईनलको लागि आफ्नो स्थान सुरक्षित गरेको छ ।

सम्पन्न पहिलो खेलमा लिटल एन्जल्सले टसजिती पहिलो ब्याटिंग गर्ने निर्णय गर्दै निर्धारित २० ओभरको खेलमा ९ बिकेट गुमाई ९७ रनको योगफल तयार पारेको थियो । लिटल एन्जल्सका लागि नितेश यादव २६ तथा अर्जुन यादव १८ बाहेक कुनै खेलाडिले दोहोरो अंक छुन सकेका थिएन । बलिंग तर्फ म्याक्सेलका मो.सकिमले ४ तथा आदित्य राम र हसन जमालले सामान २ बिकेट लिएका थिए भने शौरभ भुजेलले १ बिकेट लिएका थिए ।

९८ रनको झिनो लक्ष्य लिई मैदानमा ओर्लेको म्याक्सेलले रोमान्चक तरिकाले अन्तिम बिकेटका लागि १२ रनको साझेदारी संगै १ बिकेटले जित प्राप्त गरेका थिए । म्याक्सेलका लागि रोहन बिक र हसन जमालले सामान २७ रन तथा केशव साहले २२ रनको योगदान दिएका थिए । बलिंग तर्फ लिटल एन्जल्सका आर्यन चौधरीले ३ तथा नितेश यादव र आशुतोष यादवले सामान २ बिकेट तथा गणेश साह र रविन्द्र यादवले सामान १ बिकेट लिएका थिए । खेलको म्यान अफ द म्याच म्याक्सेलका मो.सकिमलाई ईजि वर्ल्ड ईन्जिनियरिंग प्रा.लिका प्रोपोराईटर रामजी यादवले नगद तथा ट्रफि प्रदान गरेका थिए ।

तयस्तै बिहिवारै सम्पन्न अर्को खेलमा दुर्गा सेकेण्ड्रीले टसजिती पहिलो ब्याटिंग गर्ने निर्णय गर्दै निर्धारित २० ओभरको खेलमा १९ ओभर ४ बलमा सम्पुर्ण बिकेट गुमाई १ सय २२ रनको योगफल तयार पारेको थियो । दुर्गाका लागि अभिशेक कार्किले ३६ रन तथा बरुनेश साहले नटआउट रहि १९ रनको योगदान दिएका थिए । दुर्गालाई अतिरिक्त रन मार्फत ३५ रन शिब्स ईन्टरनेश्नलले दिएका थिए । बलिंग तर्फ शिब्सका अजय यादवले ४ बिकेट तथा गोपाल मण्डल र सुरज साहले सामान २ बिकेट लिएका थिए भने भोला साहले १ बिकेट लिएका थिए ।

एक सय २३ रनको लक्ष्य लिई मैदानमा ओर्लेको शिब्सले राम्रो प्रयास गरेता पनी १ सय १३ रन मात्र जोडन सकेका थिए । ५ बिकेट मात्र गुमाएका शिब्स ईन्टरनेश्नलले धर्यता पुर्वक खेल्दा खेल्दै पनी कुनै खेलाडिले आक्रमक खेल नखेल्दा हार ब्योहोरेको थियो । शिब्सका लागि कमल कुमार मण्डले ४० बलमा २ चौक्काको मद्धतले २५, राज बर्माले २५ बलमा १८, भोला साहले ३० बलमा १८, मनिश यादवले १४ बलमा १० तथा रोनित मण्डलले ७ बलमा १४ रन बनाई केहि आक्रमक पारि खेल्ने प्रयास गरेपनी सफल हुन सकेका थिएनन । दुर्गाका लागि भिम यादव, अभिशेक कार्कि, सुजित सिंह, करण ज्यामी र बरुनेश साहले सामान १ बिकेट लिएका थिए । खेलको म्यान अफ द म्याच दुर्गा सेकेण्ढीका अभिशेक कार्किलाई सप्तरी क्रिकेट संघका सचिव चन्दन यादवले नगद तथा ट्रफि प्रदान गरेका थिए ।

# छोरी शिक्षा बिमा शिविर शुरु

जलेश्वर, २ माघ (रासस) ।

महोत्तरीमा बिहीवारदेखि छोरी शिक्षा बिमा शिविर शुरु गरिएको छ ।

प्रदेश नं २ सरकारबाट ‘बेटी पढाउ, बेटी बचाउ’ अभियानअन्तर्गत आज महोत्तरीको सदरमुकाम जलेश्वरमा अवस्थित लक्ष्मी चण्डी मुरारका माध्यमिक विद्यालय र श्री महेन्द्र आदर्श महिला माध्यमिक विद्यालयमा छोरी शिक्षा बिमा शिविर शुरु गरिएको हो ।

जलेश्वर नपामा आज र शुक्रबार दुई दिन शिविर सञ्चालन हुने छ भने महोत्तरीका १५ वटै स्थानीय तहका वडाको सङ्ख्या हेरी एक/दुई दिन गर्दै आगामी फागुनको २ गतेसम्म यो शिविर सञ्चालन सञ्चालन हुनेछन् । शिविर गौशाला नगरपालिकामा गएर सम्पन्न हुनेछ । यस कार्यक्रमअन्तर्गत २०७५ माघ २ गतेदेखि आजसम्म जन्मेका बालिकालाई प्रदेश सरकारले २० वर्षपछि रु एक लाख पाउने गरी निःशुल्क बिमा गर्ने भएको छ ।

# पैतिस लाख मूल्य बराबरको मोबाइल बरामद

काठमाडौँ, २ माघ (रासस) ।

नेपाल प्रहरीले भन्सार छलेर ल्याइएको १०७ थान मोबाइल फोनका सेट बरामद गरेको छ ।

महानगरीय प्रहरी प्रभाग नागढुङ्गाको टोलीले वीरगञ्जबाट काठमाडौँ आउँदै गरेको ना६ख १५३४ र नेपालगञ्जबाट काठमाडौँ आउँदै गरेको ना७ख ७३९५ नंको बस जाँचका क्रममा ती मोबाइल बुधबार बरामद गरेको हो ।

प्रभागका प्रमुख, प्रहरी निरीक्षक हेमन्त थापाले दुई बसमा जाँचका क्रममा रु ३५ लाख मूल्य बराबरको मोबाइल बरामद गरेको जानकारी दिनुभयो । “चालक बस्ने सिट पछाडि सेतो टेपले बेरेर ल्याएको अवस्थामा बरामद गरेका हौँ”, उहाँले भन्नुभयो । ती फोनका सेटलाई अनुसन्धान तथा कारवाहीका लागि भन्सार कार्यालय सानोगौचरन पठाइएको प्रहरीले जनाएको छ ।

नेपाल-भारत सहयोग
INDIAN EMBASSY SUPPORT






एम्बुलेन्स चाहिएमा सम्पर्क गर्नुहोस् ।
राष्ट्रिय सामुदायिक विकास केन्द्र, नेपाल
राजगढ-४, वेल्ही चपेना, सप्तरी
सम्पर्क नं: ९८२९७२९१५५, ९८२७७६०८१७

# खसी चोर पक्राउ

**दैनिक समाचारदाता राजविराज, २ माघ ।**

प्रहरीले खसी र बोका चोरी गरेको आरोपमा एक जनालाई पक्राउ गरेको छ ।

सप्तरीको रुपनी गाउँपालिका १ का १८ वर्षीय प्रमोदकुमार यादवलाई पक्राउ गरेको हो ।

स्थानीयवासी सीताराम यादवको गोठमा बाँधिराखेको एक खसी र दुई बोका चोरी गरी विक्री गरेको आरोप लगाउँदै प्रमोदलाई बुधबार नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ ।

यादवले चोरी गरेका ती खसी र बोकालाई सिरहा नगरपालिका ८ बस्ने सकुन्तीदेवी साहलाई सस्तो मूल्यमा बिक्री गरेपछि प्रहरीले खसी खरिदकर्तालाई समेत पक्राउ गरेको जनाएको छ ।

दुग्ध विकाश बोर्डको मापदण्ड अनुसार उत्पादित



छिन्नमस्ता डेरी उद्योग
सिरहा रोड, राजविराज ७, खरसाल टोल
मोबाइल नं. : ९८०१५२८०१९, फोन नं. : ०३१-५२२३२७



हाम्रो सेवाहरु : जन्मदेखि मृत्युसम्म नभई नहुने अमृत घ्यू, क्रिम दुध, दही, पनिर, खुवा, प्रशोधित दुधहरु पाइन्छ ।




नोट :- विवाह, भोज, उत्सव लगायतको अवसरमा अर्डर बमोजिम दुध जन्य सामग्री उपलब्ध गराइने छ । २४ औं घण्टा काउण्टर खुला रहनेछ ।

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु →
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*